※नयाँ भर्ना सामग्री खर्चको भर्ना अगावै भुक्तानीको आवेदन भन्दा बेग्लै आवेदन दिनु आवश्यक छ※

सम्पूर्ण अभिभावकहरुमा ※हरेक बर्ष नयाँ आवेदन आवश्यक पर्दछ ※



# सन् २०२४सालको विद्यालय जान सहायता प्रणाली सम्बन्धि जानकारी

**महत्वपूर्ण**

तोचिगी नगरमा, आर्थिक कारणले प्राथमिक र जुनियर हाईस्कूल जान कठिनाई भएका बच्चा तथा विद्यार्थीहरू ढुक्क भएर विद्यालय जान सकून् भनि उनीहरुको अभिभावकहरुलाई विद्यालयको पाठ्यसामग्री तथा खाजा आदिमा लाग्ने खर्चको लागि सहायता प्रदान गरीने व्यवस्था छ |

## 1.सहायता पाउन योग्य व्यक्तिहरु

- तोचिगी शहरमा ठेगाना भै, प्राथमिक र जुनियर हाई स्कूल जाने बच्चा तथा विद्यार्थीहरू भएका परिवार र राहत सहयोग प्राप्त गरिरहेका परिवार (योउ होगोस्या) तथा राहत सहयोग पाउनुपर्ने हदसम्म जीवनयापन गर्न दरिद्रताले विद्यालय जाने सहायता आवश्यक भएको भनि शिक्षा समितिद्वारा प्रमाणित परिवार (ज्युन्-योउ होगोस्या)

【ज्युन्-होगो सहायता पाउन योग्य परिवार】 निम्नलिखित ①、②को कुनै एक मापदण्डमा पर्ने परिवार

① सन् २०२४ साल अप्रिल महिनाको १ तारिक पछि , निम्नलिखित क देखि झ मध्ये कुनै एक उपाय प्राप्त गर्न सम्भावित अथवा प्राप्त गरेको परिवार (तर, सन् २०२४ सालको अप्रिल महिनाको १ तारिक देखि सन् २०२५ सालको मार्च महिनाको ३१ तारिकको बिचमा निम्नलिखित क देखि झ मध्येका उपायहरु समाप्त नभए सम्म योग्य हुन्छन्)

क. सार्वजनिक सहायता ऐनको आधारमा सहायता निलम्बिन् अथवा रद्द

ख. नगरकर छुट

ग. नगर कर कटौती

घ. सम्पत्ति कर कटौती

ङ. राष्ट्रिय पेन्सन प्रिमियममा कटौती

च. राष्ट्रिय स्वास्थ्य बीमा करमा छुट वा कर संकलनको म्याद थप

छ. बच्चा पालनपोषण भत्ताको भुक्तानी

ज. जीवन कल्याण कोषबाट ऋण

झ. व्यक्तिगत व्यापार करमा कटौती

※ ज = जीवन कल्याण कोषबाटको ऋण चाँही समाज कल्याण परिषदको ऋणमा सीमित छ।

② निम्नलिखित क र ख मध्ये कुनै एक मापदण्डमा परि, आर्थिक कारणले बच्चा तथा विद्यार्थी विद्यालय जान कठिनाई भएको भनि, शिक्षा समितिले प्रमाणित गरेको परिवार

(क) एकै परिवारका सबै सदस्यहरुको गतबर्षको कुल आय, सार्वजनिक सहायता ऐन ८ र अनुच्छेद १ का नियम अनुसार स्वास्थ्य, श्रम र कल्याण मन्त्रीले निर्धारण गरेका मापदण्डको आधारमा, शिक्षा समितिले गणना गरेको न्यूनतम् जीवनयापन खर्चको १.३ गुणा भन्दा कम भएका परिवार

ख) बिरामी तथा प्रकोपको कारणले, उल्लेख्य आय घटेकोले सहायता आवश्यक भनि प्रमाणित परिवार आदि

- आवेदन फारम दर्ता लिईएपछि, सपरिवारको **गतबर्षको कुल आयको सर्वेक्षण गरिनेहुनाले**, आफू कामगर्ने ठाउँमा उक्त बर्षको आयको बर्ष-अन्त समायोजन नगरेको भए, कर कार्यालय अथवा शियाकुस्योको सिमिन्जेइकामा (स्योतोकुनो सिन्कोकु) आम्दानीको रिपोर्ट दिने प्रक्रिया पूरा गर्नुपर्ने |
- सन् २०२४ सालको जनुअरी १ तारिक सम्मको ठेगाना तोचिगी नगर बाहिरको छ भने, जून महिना लाग्नासाथ् तुरुन्त आफ्नो ठेगाना भएको ठाउँको याकुस्यो अथवा याकुबाबाट "सन् २०२३ जनवरी देखि डिसेम्बर सम्मको आय प्रमाणपत्र (स्योतोकु स्योउमेईस्यो) मगाएर पेश गर्नुपर्ने |

**※ एकै परिवारका सबै सदस्यहरु भन्नाले, बसोबास दर्तामा जे उल्लेख भएपनि, एकैसाथ बसि जीविका गर्ने सबै सदस्यहरुलाई जनाउँदछ |**

**※ परिवारको कुनै एकजना सदस्यको आय नखुलेको पाईएमा, सहायता पाउन योग्य भ** **महत्वपूर्ण** **हुने |**

**○ सहायता प्राप्त गर्नकोलागि आयको मापदण्ड**
**(मापदण्ड भएकोले, एकै परिवारको रचना भएपनि उमेर, आवास स्थितिअनुसार फरक पर्ने)**

| परिवार रचना | वयष्क १ जना प्रा.वि.मा पढ्ने विद्यार्थी १ जना | वयष्क १ जना नि.मा.वि.मा पढ्ने विद्यार्थी १ जना | वयष्क १ जना प्रा.वि.मा पढ्ने विद्यार्थी १ जना | वयष्क २ जना प्रा.वि. १ जना र नि.मा.वि.मा पढ्ने विद्यार्थी १ जना | वयष्क २ जना प्रा.वि. १ जना र नि.मा.वि.मा पढ्ने विद्यार्थी १ जना |
|---|---|---|---|---|---|
| गत बर्षको | २,२५०,००० | २,३६०,००० | २,९४०,००० | २,८००,००० | ३,३३०,००० |

| सपरिवारको कूल आय रकम | येन जति | येन जति | येन जति | येन जति | येन जति |
|---|---|---|---|---|---|

## 2.आवेदन गर्ने तरिका

**<आवेदन दर्ता अवधि > सन् २०२४ साल मार्च १ तारिक (बुध) देखि २०२४ साल अप्रिल १० तारिक (सोम)**

**<पेश गर्ने ठाऊँ> शियाकुस्योको काउण्टरमा (हुलाक मार्फ़त पनि पठाउन सकिने)** 〒328-8686 तोचिगी-शि योरोजु-च्यो ९-२५, तोचिगी-शि क्योउईकु ईइंकाई जिमुक्योकु, क्योउईकु सोउमुका (शियाकुस्यो प्रधान कार्यालय ४ तल्ला ४ A-५ (विदाका दिन बाहेक ८:३० बजे देखि १७:१५ बजे)

सहायता प्राप्त गर्न चाहाने अभिभावकले, शिक्षा समिति अथवा विद्यालयबाट आवेदन फारम प्राप्त गरि, आवश्यक विवरणहरु भरेर **क्योउइकु ईइन्काई जिमुक्योकु क्योउइकु सोउमुका** (शिक्षा समिति शिक्षा र सामान्य मामिला विभाग) मा पेश गर्नुपर्ने | (योउ होगोमा पर्ने व्यक्तिहरुले आवेदन दिनु नपर्ने)

- २०२३ सालमा सहयोग पाउन प्रमाणित भएका व्यक्तिहरुलेपनि, **प्रत्यक बर्ष आवेदन दिनु आवश्यक** |
- आवेदन दर्ता गराईसकेपछि, स्थानीय नागरिक कल्याण अधिकारीहरु घर-दैलोमा गई, जीवन यापनको स्थिति बारे सोधपूछ गर्न सक्रेछन् |
- म्याद भित्र परेका आवेदनहरु, अप्रिल १ तारिकदेखि प्रमाणित हुनेछन् |

**※ समिक्षा परिणामको सूचना जुलाई महिना तिर विद्यालय मार्फत प्रेषित गरिनेछ | र प्रमाणित भएको खण्डमा सहायता रकम बर्षमा ३ पटक (जुलाई, डिसेम्बर र मार्च) मा विभाजित गरि विद्यालय मार्फत भुक्तानी गरिन्छ |**

- म्याद बाहिरका आवेदनका बारेमा, हरेक महिनाको अन्तिम दिन (सो दिन बिदापरेमा, बिदा पछि कार्यालय खुल्ने दिन)लाई अन्तिम दिन मानेर, अर्को महिनाको १ तारिक देखि प्रमाणित हुनेछन् |

**※ आवेदन दर्ता गराए देखि समिक्षा परिणाम निर्णय सम्म लगभग २ महिना जति लाग्दछ |**

## 3.सहायताको विवरण

| भुक्तानी खर्च | सहायता लक्ष<br>ज्युन्योउ होगो(ज्युन) योउ होगो(योउ) | सहायता रकम | |
|---|---|---|---|
| | | प्रा.वि. | नि.मा.वि. |
| **विद्यालय सामग्री खर्च (ज्युन्)** | सबै ग्रेडका विद्यार्थीहरु | ११,६३० येन प्रति बर्ष | २२,७३० येन प्रति बर्ष |
| **विद्यालय जाने-आउने खर्च (ज्युन्)** | एकतर्फी ४ कि.मि. भन्दा बढिका बच्चा र ६ कि.मि. भन्दा बढि दूरी भएका विद्यार्थीहरु मध्ये सबैभन्दा किफायती र सामान्य तरीका भनेको बस प्रयोग गर्ने विद्यार्थीहरूको लागि नियमित बस कम्यूटर पास हो । (क्षेत्र बाहिर भर्ना भएका र निर्देशित विद्यालय परिवर्तन गरेका विद्यार्थीहरु बाहेक) | | |

| | | | |
|---|---|---|---|
| **विद्यालय जाने-आउने सामग्री खर्च (ज्युन्)** | प्राथमिक / २ देखि ६ ग्रेड<br>नि. माध्यमिक/ २ देखि३ ग्रेड<br>(र नयाँ भर्ना सामग्री खर्च प्राप्त नगरेका १ ग्रेड)<br>का विद्यार्थीहरु | २,२७० येन प्रति बर्ष | |
| **विद्यालय बाहिर बासबस्ने खर्च बाहेकका खर्च (ज्युन्)** | सबै ग्रेडका विद्यार्थीहरु | लक्षित् खर्च रकम (बढिमा १,६००येन) | लक्षित् खर्च रकम (बढिमा२,३१०येन) |
| **विद्यालय बाहिर बास बस्ने खर्च (ज्युन्)** | सबै ग्रेडका विद्यार्थीहरु | लक्षित् खर्च रकम (बढिमा३,६९०येन) | लक्षित् खर्च रकम (बढिमा ६,२१० येन) |
| **शैक्षिक भ्रमण खर्च (ज्युन्) र (योउ)** | प्रा.वि.ग्रेड ६ का विद्यार्थीहरु<br>नि.मा.वि.ग्रेड ३ का विद्यार्थीहरु | लक्षित् खर्च रकम (बढिमा २२,६९० येन) | लक्षित् खर्च रकम (बढिमा ६०,९१० येन) |
| **शारीरिक शिक्षा उपकरण खर्च (ज्युन्)** | नि.मा.वि.मा शारीरिक शिक्षा कक्षा सञ्चालन गर्न आवश्यक शारीरिक शिक्षा सामग्रीहरू (जुदो ड्रेस अथवा केन्दो सामग्री मात्र), कक्षा लिने विद्यार्थी सबैले व्यक्तिगतरुपमा तयार पार्नु पर्ने सामग्री मध्ये, कुनै एउटा सामग्री किन्दा (नि.मा.वि.मा अद्ययन गर्ने अवधि भरिमा एक पटक मात्र) | | सामग्री वा खरिद खर्च |
| **नयाँ भर्ना सामग्री खर्च (ज्युन्)** | अप्रिल महिना देखि प्रमाणित भएका ग्रेड १ का विद्यार्थीहरु | ५४,०६० येन | ६३,००० येन |
| **स्नातक एल्बम खर्च (ज्युन्)** | प्रा.वि.ग्रेड ६ का विद्यार्थीहरु<br>नि.मा.वि.ग्रेड ३ का विद्यार्थीहरु | प्रदान लक्षित् रकम (बढिमा ११,००० येन) | लक्षित् खर्च रकम (बढिमा ८,८०० येन) |
| **अनलाईन् शिक्षा संचार शुल्क (ज्युन्)** | एक परिवारमा १ जना | एक महिनामा १४,००० येन | |
| **विद्यालय खाजा खर्च (ज्युन्)** | प्रा.वि.१ देखि ५ कक्षा (६ कक्षा चाँही नि:शुल्क)<br>नि.मा.वि. १ र २ कक्षा (तेश्रो कक्षा चाँही नि:शुल्क)<br>(लामो अवधि सम्म खाना नखानेहरु बाहेक) | पुरै रकम (४,३०० येन प्रति महिना) | पुरै रकम (५,१०० येन प्रति महिना) |
| **चिकित्सा खर्च (चिकित्सा कुपन) (ज्युन्) (योउ)** | सबै ग्रेडका विद्यार्थी (विद्यालयको स्वास्थ्य परिक्षणमा, उपचारको लागि सिफारिश गरीएको विशिष्ट प्रकारको रोग (विद्यालय स्वास्थ्य र सुरक्षा कानून प्रवर्तन आदेश को धारा 8 मा निर्दिष्ट) मा सिमित् । | योउ होगो ＝ पुरै रकम<br>ज्युन् योउ होगो ＝ अभिभावकले व्यहोर्नु पर्ने रकम | |

○अनुदानको रकम, देशको प्रचलनमा निर्भर रहन सक्छ ।

○बर्षको बिचमा थप प्रमाणित भएका विद्यार्थीहरुको लागि सहायता रकम

विद्यालय सामग्री खर्च र विद्यालय जाने आउने खर्च यसरी हिसाब गरिन्छ ।

विद्यालय तथा यातायत खर्च …बार्षिक रकम÷१२महिना×प्रमाणित महिना संख्याको रकम प्रदान गरिन्छ ।

अन्य खर्चहरु・・・प्रमाणित भएको दिन पछि कार्यान्वयन, सहभागी तथा खरिद भएका कुराहरुमा सीमित रहनेछन् ।

【सम्पर्क】तोचिगी-शि क्योउइकु ईइन्काई जिमुक्योकु क्योउइकु सोउमु-का सोउमु काकारी

℡ ０２８２－２１－２４６２